# प्रदेश सभा
# गण्डकी प्रदेश
# नवौं अधिवेशन
# (पाचौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति:- २०७८/१२/२१

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवेशनको आजको बैठकको कारबाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु, आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुका लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री कृष्ण बहादुर थापा, कास्की ।

## माननीय कृष्ण बहादुर थापा

माननीय सभामुखज्यू, अहिले केही दिन देखि यता बजारमा कृतिम रुपमा पेट्रोलियम पदार्थको अभाव सृजना गरेर त्यहाँ हजारौं उपभोक्ताहरुले दु:ख पाउने काम भएको छ। तसर्थ यो कृतिम अभावलाई तत्काल तुरुन्त माननीय सभामुख मार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउँदै यो समस्यालाई जनताको दैनिकी जीवनमा परेका समस्यालाई तत्काल समाधान गर्नको लागि ध्यान दिइयोस् भन्ने अनुरोध गर्दछु, धन्यवाद।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय भागवत प्रकास मल्ल, स्याङ्जा ।

## माननीय भागवत प्रकास मल्ल

माननीय सभामुख महोदय, स्याङ्जाको यो कालिगण्डकी गाउँपालिका वडा नं ५ मा गएको भदौ १२ गते ३ ओटा घर क्षति भएर बसाइ सरेको अवस्था छ । र त्यस्तै गल्याङको १ नं वडा राम्दीमा पनि ५ घर क्षति भएर १ जना मृत्यु भएको र १ जना घाइते भएको त्यो पनि भदौको १३ गते गएको भदौ १३ गते र त्यस्तै हरिनास गाउँपालिका वडा नं ५ मा पनि एउटा घर क्षति भएको छ र जिल्लाको विपद् ब्यवस्थापनले निर्णय गरेर पठाएको छ र अहिले कुनै पनि त्यो कुनै क्षतिपूर्ति दिएको अवस्था छैन । सभामुख मार्फत यो क्षतिपूर्तिको माग गर्दछु, हस् धन्यवाद, जय नेपाल।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य रोशन बहादुर गाहा थापा, नवलपरासी।

## माननीय रोशन बहादुर गाहा थापा

माननीय सभामुखज्यू, नो लालपुर्जा, नो भोट नवलपुर जिल्लाको मुख्यमन्त्री जीको निर्वाचन क्षेत्रमा देवचुली नगरपालिका वडा नं ४ र ५ मा यही महिनाको पहिलो हप्ता देखि त्यहाँ २०२१/२२ साल देखि स्थायी रुपमा बसोवास गर्दै, भोगचलन गर्दै आएको अव्यवस्थित सुकुम्वासी दाजुभाई दिदीबहिनीहरुले नो लालपुर्जा नो भोट गेट निर्माण गरेर प्रवेश निषेध गरिएको छ । त्यसो भएको हुनाले अविलम्ब त्यहाँ बसोवास गर्ने या सबै नवलपुर जिल्लाकै हकमा अव्यवस्थित र सुकुम्बासी दाजुभाई दिदीबहिनीहरुलाई जग्गा धनी प्रमाण पुर्जा वितरण गर्नका निम्ति उहाँहरुले २०२६ सालदेखि तिरो

तिर्दै आएको छ र २०५१ सालमा उहाँहरुको बाउण्डरी नाप नक्सा पनि भैसकेको छ । त्यसो भएको भएर तत्काल अहिलेको ५ दलीय गठबन्धनको सरकारले आयोग गठन गरेर त्यहाँ बसोवास गर्ने सबै सुकुम्वासी दाजुभाई दिदीबहिनीहरुलाई जग्गा धनी प्रमाण पुर्जा ब्यवस्था गर्नका निम्ति सभामुख मार्फत म यो गण्डकी प्रदेश सराकर मार्फत केन्द्रीय सरकारसँग यो माग गर्न चाहान्छु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य चन्द्र मोहन गौचन ।

## माननीय चन्द्र मोहन गौचन

माननीय सभामुख महोदय, आज हामी यस सम्मानित सभामा उपस्थित भै गरिमामय प्रदेश सभा बैठकमा उपस्थित छौं । सभामुख महोदय, भूमि ब्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय गण्डकी प्रदेश योजना कार्यक्रम आव २०७७ को कार्यक्रम अन्तरगत उच्च घनत्वको स्याउको बिरुवा प्रदेश सरकारले ७५% अनुदानमा स्याउको बिरुवा वितरण भएको थियो । मुस्ताङ् जिल्लामा करिब २६ हजार २ सय ९० उच्च घनत्वको स्याउको बिरुवा ल्याइएको थियो । किसानलाई फागुन, चैतमा वितरण गरी रोपिसक्नु पर्ने तर सम्बन्धित निकायबाट जेठ, आसाढमा ल्याई किसानलाई वितरण गर्दा करिब ५० देखि ६०% बिरुवा मरेको हुनाले कृषकलाई अनुदान दिएको कुनै महसुस हुन सकेको छैन । त्यसैले किसानलाई राहत दिनको लागि सम्बन्धित निकायबाट सोध भर्ना दिलाउनको लागि सभामुख मार्फत सम्बन्धित निकायलाई गम्भीर ध्यानाकर्षण गर्न चाहान्छु र सभामुख महोदय, २०७८ कार्तिक २८ गते मुस्ताङको थासाङ गाउँपालिकाको धौलागिरी मानापाथि हिमालबाट आएको हिउँ पहिरोमा परी ९ ओटा याक, चौरी गाई घाइते भएको र २ ओटा गोठ पुरिएको थियो । त्यसै गरी २०७८ फागुन २१ गते सोही स्थानमा हिम पहोरो जाँदा १५ ओटा चौंरी गाईहरु मरेको र १० ओटा वेपत्ता भएको हुँदा दुवै घटनाको क्षतिपूर्ति अहिले सम्मन नपाएको अवस्था छ । जिल्ला प्रशासन कार्यालय मुस्ताङले घटना स्थलको

विवरण सम्बन्धित निकायमा पठाएको थियो तर अहिलेसम्म त्यसको कुनै सुनुवाई नभएको र सभामुख मार्फत घटनाको क्षतिपूर्ति दिलाउनको लागि सम्बन्धित निकायमा सभामुख मार्फत ध्यानाकर्षण गर्न चाहान्छु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाई राख्न अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री रामशरण बस्नेत, समय ७ मिनेट ।

## माननीय रामशरण बस्नेत

सभामुख महोदय, जनादेशलाई विस्थापन गर्दै परमादेशको बलबाट गठित केन्द्रीय सरकारका कारण राज्यका सबै अङ्गहरु र क्षेत्रहरु बिस्तारै अस्थब्यस्थ र कमजोर हुँदै गैरहेको छ । राज्य बिस्तारै असफलताको दिशातिर धकेलिरहेको छ । दिन प्रति दिन जन विरोधी गतिविधिहरु गर्न राज्य उद्दत देखिन्छ । त्यसैको सिको सिक्दै आज गण्डकी प्रदेश सरकार पनि त्यतैतिर उन्मुख छ । आज जनताका हरेक समस्याहरु समाधान गर्नु पर्नेमा गण्डकी प्रदेश सरकार बिगत सरकारले गरेका कतिपय राम्रा योजनाहरुलाई अलपत्र पार्दै आज नयाँ-नयाँ योजनाहरु पैसा छैन भन्ने र नयाँ-नयाँ योजनाहरु फेरी १ लाखे २ लाखे र ५ लाखे योजनाहरु लगभग धन्नै धन्नै १६०० योजनाहरुलाई रकमान्तर गरेर आज बहुवर्षीय योजनाहरु जुन खोलाको पुलका पैसाहरु काटेर जहाँ वर्षै पिछ्छे मान्छे नदिमा बगेर मरिरहका छन् । जनधनको सुरक्षा गर्नु पर्ने सरकारले त्यस्ता पैसा काटेर, खानेपानीका धारा निर्माण पैसाहरु काटेर आज १६०० झन्डै १६०० योजनाहरु रकमान्तर गरिरहको अवस्था छ । त्यति मात्रै होइन, कि आज हामीलाई थाहा छ । के अर्थमन्त्रालयमा चाङ लाएर फेरी रकमान्तरको अर्को नाटक चुनावको निम्ति तयारी गरिदैछ भन्ने सुनिएको छ । मैले एक दिन अर्थ मन्त्रीज्यूलाई सोधेको थिए, अर्थमन्त्रीज्यू, योजनाहरु धेरै छन्

तपाईहरुले रकमान्तर गर्ने कुरा नगर्नोस्, रकमान्तर गर्दा एकदम बहुवर्षिय योजना, महत्वपूर्ण योजना, जनताका समस्याहरु समाधान गर्न सकिने खालका योजनाहरु अलपत्र पर्न सक्छन् भन्दा उहाँले भन्नु हुन्थ्यो, पैसा जति चाहिन्छ त्यति छ भनेर भन्नुहुन्थ्यो । यो मैले कुरा राख्न खोजेको गोरखाको मात्रै होइन, यहाँ ११ जिल्लाका सडकहरुमा पैसा काटिएका छन्, खानेपानी योजनाहरु समितिले बनाएको छ र समितिहरुले पैसा नपाएर उनीहरुले ब्याजदरमा पैसा लिनु पर्ने स्थितिहरु देखा पर्दैछ । म अर्थमन्त्रीज्यू आज यही हुनुहुन्छ, म तपाईंलाई भन्न चाहान्छु, माछिखोका गुम्बाको सडकमा आज २ करोड रुपैंया बढि काम भाको छ । अस्ति भर्खरै छ भनेको पैसा कहाँ छ? यो योजनामा हाल्नुपर्यो । बारपाक, लापराकका सडकमा १ करोड भन्दा बढि पैसा त्यहाँ भनेको निर्माण ब्यावसायीले काम गरिसकेको छ । निर्माण ब्यावसायी अब पैसा नभएका कारण सडकहरु छोड्दै छन् । त्यस्तै ढोडेनी भच्चेक, घ्याम्पेसाल, ताप्कोट र आँपपिपल हस्पिटलका सडकहरुमा आज कामदारहरु छैनन् । के कारणले छैनन्? यो सरकार अब विकास निर्माणको गतिलाई ठप्प बनाएर अनि कुर्सीमा बसेर मुस्कान दिनका निम्ति मात्रै मन्त्री हुनुभको हो कि? तपाईंहरु सत्ता चलाई रहनु भछ की जनताका समस्या समाधान गर्नका निम्ति तपाईंहरुले पहल गर्न तपाईंहरु लाइरहनु भछ । यो आज आम जनताले बुझ्नु पर्ने कुरो छ । त्यसकारण सरकारको पक्षबाट यी कुराहरुका बारेमा वस्ताविक कुरा आओस् भन्न चाहान्छु । गत वर्ष कोभिड भयो, कोभिड भएर ६ महिना हरेक योजनाका म्यादहरु थपिए, आज तपाईंहरुलाई थाहा हुनुपर्छ। मुख्यमन्त्रीज्यू, यही हुनुहुन्छ, के न्यूनतम एउटा जिल्लमा ३०/३५ करोडका भुक्तानीहरु गर्नु पर्ने छ र त्यहाँ भुक्तानी नभएका कारणहरुले त्यो प्रत्यक्ष एउटा ज्याला मजदुर गर्ने मजदुरहरुलाई समेत मर्का परिरहको स्थिति छ । यो सरकारले सदनमा तुरुन्तै जानकारी गराउनु पर्यो, कि गतवर्ष भुक्तानी दिनुपर्ने पैसा कति हो भन्ने समेत सदनलाई जानकारी गराउन जरुरत छ । त्यति मात्रै होइन, आज रकमान्तर जता ततै भैराको छ । कुनै वालमा परोस्, मलाई केही थाहा छैन ।न्यायिक रुपमा समन्यायिक तरिकाले समान रुपमा पैसाहरु वितरण भाका छैनन् । एउटै वाडमा

रकमान्तर १५२ ओटा योजना भन्दा बढि एउटै वाडमा योजनाहरु पर्या छ । त्यो वाडमा पैसा पर्ने कुरो मेरो आपत्तिको कुरो होइन, आज सामा र क्षेकम जस्ता बस्तीहरु, दुर्गम भेगहरु मुस्ताङका बिकट क्षेत्रहरु र गोरखाका बिकट क्षेत्र र मनाङका बिकट क्षेत्रहरुमा खानेपानीका निम्ति पैसा नपर्ने, सडकका निम्ति पैसा नपर्ने, कृषिका क्षेत्रमा पैसा नपर्ने, शिक्षा, स्वास्थ्यका क्षेत्रमा पैसा नपर्ने र त्यहाँका जनता के यो राज्यको जनता हैन? यो गण्डकी प्रदेशको जनता होइन? त्यसो भएको कारणले समन्यायिक तरिकाले बजेट विनियोजन गर्नका निम्ति पनि म सरकारलाई जानकारी गराउन चाहान्छु र मलाई लाग्छ अहिले पनि लाप्राकमा ठुलो बस्ती छ । पुरानो गाउँमा मान्छेहरु बसिराका छन् । नयाँ बस्तीमा मान्छेहरु गोरखाको त्यहाँ सरिरहको स्थिति छैन । आज लाप्राकमा खानेपानीको हाहाकार चैत, बैशाख, जेठमा हुन्छ । त्यो ठाउँमा पैसा पर्दैन, त्यो किन भने त्यहाँका मान्छेहरु सोजबुझ राख्दैनन् । त्यो बिकट बस्ती हो र यो गठबन्धन सरकार दुर्गम क्षेत्रको विकास गर्न चाहादैन र एकदम चेतनाले पछाडि परेको ठाउँ र बस्तीहरुलाई एकदम बेवास्ता गर्छ र त्यही कारण आज म भन्दैछु। कि तपाईं कहाँको प्रतिनिधित्व हो? तपाईं आज राज्यमा बसिरहँदा तपाईंहरुले कसले दिएका करहरुबाट यी पैसा जम्मा गरेका छन्? समान रुपमा वितरण गर्न आवश्यक छ कि छैन? त्यो बारेमा सरकार मौन छ । मुखदर्शक छ र विस्तारै बिस्तारै गण्डकी प्रदेश सरकारले पनि गण्डकी प्रदेशको सरकार कुनै जनताको हित र रक्षाको निम्ति होइन, आफ्नो आँफु कसरी ऐस आराम गर्ने, सुख र मोज कसरी गर्ने जनताले दुःख पाइरहुन्, जे सुकै होस्, कुर्सीमा बस्ने, मुसुक्क हास्ने, जनताका समस्यासँग सरोकार नराख्ने गरी अहिले उद्दत भएको छ र यसरी हुनु हुँदैन। जनता प्रति जवाफदेही र उत्तरदायी बन्नु पर्छ । म सरकारको ध्यान केन्द्रीत गर्दै यी उठाएका योजनाहरुमा छिटो भन्दा छिटो पैसाको ब्यवस्था गरेर विकास निर्माण सुचारु होस् भन्ने जोडदार माग गर्न चाहान्छु । त्यति मात्रै होइन, की केरौंजा देखि रुन्चेत सम्म आज बस्तीमा गाडी पुगेको छैन । रुन्चेत जाने बाटोलाई समेत पैसाको ग्यारेण्टी गरियोस्, यो कुरो राख्दै मेरा भनाई यही टुङ्ग्याउछु, हस् धन्यवाद नमस्कार।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्य श्री धनमाया पोखरेल लामा, समय ५ मिनेट ।

## माननीय धनमाया पोखरेल लामा

माननीय सभामुख महोदय, चालु आर्थिक वर्षको बजेटको कार्यान्वयन एकदमै न्युन अवस्थामा रहेको छ र गण्डकी प्रदेश सरकार गठन भैसके पछाडि जुन हाम्रो १० महिना करिब करिब यो चालु आर्थिक वर्ष बितिसकेको अवस्थामा बजेटको कार्यान्वयन एकदमै न्युन भएको कारण जनताहरु मारमा परिरहेको कुरा पनि म यहाँ जानकारी गराउन चाहान्छु । प्रदेश सरकारले बहुवर्षीय योजना र प्रदेश गौरबको आयोजनाहरु र प्रदेश महत्वका कार्यक्रम हरुलाई बजेट विनियोजन नगरेको र साना टुक्रे योजनाहरुलाई रकमान्तर गरेर थुप्रै खालको कार्यक्रमहरु एक डेढ लाखको खुद्रा योजनाहरुमा रकमान्तर गरिरहेको अवस्था छ । रकमान्तर गर्ने कुनै विधि त सरकारसँग अवश्य छ र पनि गण्डकी प्रदेश सरकारले रकमान्तर गर्ने अवस्थाको कार्यविधि के हो र रकमान्तर गर्ने समय कुन समय हो त्यसलाई मध्यनजर नगरिकन आफ्नो पहुचको आधारमा जताभाबी बजेट विनियोजन गरेको खबर हामीसँग आइपुगेको छ र यसलाई तत्काल मुख्यमन्त्रीज्यूले आफ्नो मातहतमा रहेको मन्त्रालयहरुलाई कमाण्डमा लिन म हार्दिक अनुरोध गर्न चाहान्छु । बजेट अभावका कारण गोरखाका ५ ओटा सडकहरु अलपत्र परेका छन्। १) घ्याम्पेसाल पांचखुवा देउराली पालुकोट सडक २) ढुङ्गागाडे भन्ज्याङ गुलकोट नामजुङ घैरोन मनकामना सडक ३) समि चौतारा पिपल अस्पताल आपिपल सडक र ४ ) राधा कृष्ण मन्दिर कालामाटा पौवाटार सलाङगिरी हटिया मजुवा सडक ५) अजिरकोट गापाको वडा नं ४ ढोढेनी सिमजुङ हुँदै गगन पानी मल्ले गापा गाउँपालिकाको केन्द्र जोड्ने भचेक सडकमा रकम अभावको कारण अलपत्र यी ५ ओटा सडकहरु जुन गोरखाको पूर्वाधार कार्यालयले सम्बन्धित मन्त्रालयमा यी कार्यक्रमहरुको आर्थिक वर्षमा यो चालु आर्थिक वर्षमा नै ३० करोडको बजेटको माग भै आएको र पनि मुख्यमन्त्री कार्यालय र सम्बन्धित कार्यालयले यसको बेवास्ता गरेको, गोरखा जिल्ला पूर्वाधार कार्यालयबाट सूचना मसम्म आइपुगेको हुँदा यस यो कार्यक्रमलाई किन सरकारले बेवास्ता गर्दै र आगामी दिनमा यो गण्डकी प्रदेश सरकारको डेस्टिनेसन के हो र गण्डकी प्रदेश

सरकारले समृद्धिको नारा दिने हामले गठबन्धन कुरा गरेर जनतालाई भ्रममा पारेर जुन सत्तामा हालिमुहाली गर्दै जनताको पिर मर्कालाई नबुझिकन आफु ऐस आरामको जुन राजनीति गर्दै हुनुहुन्छ, १/२ दिन त तपाईंहरुले ढाट्न सक्नुहुन्छ तर आगामी दिनमा यसको फैसला जनताले गर्ने छ भन्ने मलाई लागिरहेको छ । माननीय सभामुख महोदय, निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम गोरखाको हकमा भन्नु पर्दा ५०% काम सम्पन्न भैसकेको छ । र कार्यक्रमहरु सम्पन्न भैसके पछाडि पनि सम्बन्धित कार्यालयले त्यहाँ भुक्तानी नदिंदा उपभोक्ता समिति मारमा परेको अवस्था छ र यो निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको सबै छिटो भन्दा छिटो भुक्तानी दिन सम्बन्धित मन्त्रालयको म ध्यानाकर्षण गराउन चाहान्छु । माननीय सभामुख महोदय, यो निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको  कार्यविधि छ यो कार्यविधि संशोधन भएर आउँदा त्यहाँ कार्यक्रम छनौट गर्ने समितिको संयोजक  पनि त्यहाँको जो प्रत्यक्ष निर्वाचित छ उहाँ नै कार्यक्रमको संयोजक र फेरी त्यो अनुगमन समितिको संयोजक पनि प्रत्यक्ष निर्वाचित जो हुनुहुन्छ। त्यही हिसाबले यो कार्यविधि संशोधन गरेको रैछ । यसमा आफैले कार्यक्रम छनौट गर्ने र उक्त ब्यक्तिले त्यो कार्यक्रम गर्दा कस्तो खालको परिणाम आउँछ । यो कार्यविधि बनाउँदा संशोधन गर्दा मुख्यमन्त्री ध्यान कता थियो र यसमा पनि म यस प्रदेश सभा मार्फत गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु र विशेष गरी हाम्रो गण्डकी प्रदेशमा खानेपानी, सिँचाई, झोलुङ्गेपल, सडक पूल र सडकहरुमा जुन कार्यक्रमहरु निरन्तरतामा थियो, सबै ती कार्यक्रमहरुलाई कटौति गरेर साना-साना रकमहरु बनाएर अहिले जुन आफ्नो पहुँचको आधारमा कार्यक्रमहरु १ देखि डेढ लाखसम्मको कार्यक्रमहरु गण्डकी प्रदेश सरकारले विनियोजन गरेको छ, हाम्रो विकासे मन्त्रालय गण्डकी प्रदेश सरकारका विकासे मन्त्रालयहरुले त्यो कार्यक्रम ल्याएको छ । गण्डकी प्रदेश सरकारको मन्त्रालय की यो वडा कार्यालय हो? जनता र यहाँको सांसदहरु भ्रममा छ । यो भ्रमबाट मुक्त गर्नको निमित्त मुख्यमन्त्रीज्यूले यो कार्यक्रमहरुलाई अब आगामी

दिनमा कसरी करेक्सन गर्न सकिन्छ यसमा पहल लिनका निमित्त म हार्दिक अनुरोध गर्दछु, हस्त धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री मन बहादुर गुरुङ, समय ७ मिनेट ।

## माननीय मन बहादुर गुरुङ

सभामुख महोदय, यो सरकारसँग प्रश्न उठाउँदा जनताको सरोकारका विषयहरु राख्दा पनि कहिले उपनाम पाइएला की भन्ने डर लाग्छ तर पनि सरकारका कृयाकलापले प्रश्न न उठाई नहुने अवस्था आयो । त्यसैले आफ्नो कुरा राख्दै छु सभामुख महोदय, पहिलो त यो सरकारले जनताको करबाट उठेको पैसा जताभाबी ब्यात्तिगत राजनीतिक लाभको लागि वितरण गर्न थालेको आभास मलाई भएको छ । म फेरी पनि स्मरण गर्न चाहान्छु, गएको ससार १ गते मादी गाउँपालिका वडा नं १ देखि ७ सम्म ज्याउरु देखि साँदा र मादीको वडा नं ९ गहतेब्यांसीको बाढीमा बाढीले पहिरोले गरिएको जुन क्षतिबाट स्थानीय जनतालाई राहात दिन सकेको छैन । भत्केको संरचनाहरु बनाउन १ रुपैंया नदिने सरकारले पूर्वाधारको लागि करोडौं रुपैंया रकमान्तर गरेर जताभाबी प्रयोग गरेको सुन्नमा आएको छ र कुनै संस्थालाई लाखौ रुपैंया अक्षय कोष राख्न दिएको भन्ने पनि सुन्नमा आएको छ । कतै मन बहादुर गुरुङ त्यो क्षेत्रको प्रदेश सभा सांसद भएको कारणले बजेट नछुट्याएको त होइन? म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु। सभामुख महोदय, कतै सुन्छु, लाख ५० हजार छुट्टै हिडेको पनि सुन्छु । म सभामुख मार्फत सरकारलाई के प्रश्न गर्न चाहान्छु भने कतै संघीयता खारेज हुन खोजेको त होइन? यो नीतिगत भ्रष्टाचार कि राज्य कोषको दुरुपयोग हो सभामुख महोदय? यता महङ्गीले जनता आक्रान्त बनाएको छ । अस्तब्यस्त बनाएको छ । गण्डकी प्रदेशको राजधानी बाटो जाम छ । पेट्रोल

नपाएर, तेल नपाएर, खाद्यन्न नपाएर, बैंकले लोन नदिएर अस्तब्यस्त अवस्थामा छ । लगानीकर्ता अरवौं घाटामा गएको छ । रोजगारी सृजना ठप्प भएको छ । विकास निर्माणहरु तपाईंको ठप्प भएको छ । के यो सरकार गठन गरिराख्दा साच्चिकै रुपमा मलाई साह्रै खुसी लागेको थियो । यो सरकारले केही न केही गर्छ । गण्डकीको जनतालाई राहत दिने छ । अब साच्चिकै रुपमा विकास निर्माण हुनेछ छ भन्ने मैले पूर्ण विश्वास गरेको थिए तर पटक पटक यो सदनमा कुरा उठाई राख्दा पनि त्यसको सम्बोधन गर्ने कुरा त छाडौं कहिले पनि तपाईंको बोलाएर के छ भन्ने शब्द पनि पाएनौ । यही हो लोकतन्त्र? सभामुख महोदय, कता कता मैले सुन्छु, सदन भनेको प्रतिपक्षको हो । सरकारलाई म के सुझाव दिन चाहान्छु भने प्रतिपक्षले बिरोध गरेको होइन, सुझाव दिन चाहेको हो । सुझाव दिन्छ सकारात्मक ढङ्गले । त्यसकारणले कहिले कहिले बोलाउदा फरक पर्दैन जस्तो लाग्छ। त्यसकारणले धेरै कुरा मैले यो सरकारलाई आलोचना गरिराखु भन्दा सकारात्मक सोचका साथ अगाडि बढ्नु अहिलेको हाम्रो कर्तब्य हो । हामी सबै हामी अधिकार खोज्छौ, कर्तब्य पानला न्यून गर्छौं । त्यसकारणले अधिकार भन्दा पनि कर्तब्य पालना गर्ने तिर हामी सबै लागौं भन्ने मलाई लाग्दछ । हामीले सबैले सुन्नमा आएको छ । अर्थतन्त्र डामाडोल भएको छ । प्रतिपक्षको हो की? प्रतिपक्षको आवाज मात्र हो कि? कतै सत्ता पक्षबाट त्यस्तो कुरा सुन्नमा आएको छ । इतिहासमा सबै भन्दा डामाडोल त तपाईंको भएको अर्थतन्त्र हो । के गर्न खोजिएको हो यो सरकारले? फेरी कता कता फेरी यो शब्द त मैले उच्चारण नै गर्न नपर्ने हो । गठबन्धन के बिचार छ त्यो भित्र? के दृष्टिकोण छ त्यो भित्र? यो सैद्धान्तिक कुरा के छ? कस्तो खालको अर्थ नीति ल्याउने हो? यो गठबन्धनले । यो धेरै नभनौला सरकारसँग मैले यस्तो विषयमा । त्यसकारणले म फेरी पनि सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । गठबन्धन गर्नु हामी कसैले पनि राम्रो होइन, सहकार्य हामी सबैको लागि राम्रो होइन । साच्चिकै रुपमा हामीले यो सदनमा बोल्नै पर्ने हुन्छ । मुलुकलाई सही दिशामा लैजाने हो भने वा मुलुकलाई समृद्धि बनाउने भने नेपाली जनतालाई सुखी बनाउने हो भने यो

तालमेलको शब्द, गठबन्धनको शब्द हामीले यसलाई नियन्त्रण गर्नु पर्छ कि भन्ने मलाई लाग्दछ । सभामुख महोदय त्यसकारण म फेरी पनि पुनः यो सरकार सकारात्मक ढङ्गले अगाडि बढोस्, सदनमा उठेको कुराहरुको सम्बोधन हुन सकोस् । प्रतिपक्षले यस्ता खालका आवाजहरु यो सदनमा उठाई राख्न नपरोस् भन्ने सुझाब दिन चाहान्छु । त्यसकारण म भोलीका दिन देखि सरकारको सकारात्मक सोचको पक्षमा सरकारले पक्कै पनि विभेद रहित यो विभेद, यो संविधनामा सबै विभेदहरुको अन्त्य गरिराखेको बेला साच्चै विभेदहरुको अन्त्य गरिदै यो मुलुकलाई समृद्धि बनाउने दिशामा उन्मुख हुनेछ । हामी पनि उहाँहरुको सहयोगी बन्न पाउनेछ भन्ने बिचार राख्दै मेरो भनाई अन्त्य गर्छु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने, माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु अब म २०७७ चैत्र २६ गतेको सभाको बैठकमा प्रस्तुत भै मिति २०७७ चैत्र २७ गते बसेको सभाको बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व समबन्धमा ब्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय श्री विष्णु प्रसाद लामिछानेलाई अनुमति दिन्छु ।

## माननीय विष्णु प्रसाद लामिछाने

माननीय सभामुख महोदय, मिति २०७७ साल चैत्र २७ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व समबन्धमा ब्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न मिति २०७८ साल चैत्र ६, ९ र १० गते समितिको बैठक बसेको थियो । समितिको बैठक सभापति माननीय बिष्णु प्रसाद लामिछानेको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु

आशा कोइराला, माननीय धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, प्रभा कोइराला, मन बहादुर गुरुङ, राजिब पहारी, ललितकला गुरुङ, सरिता गुरुङ, साबित्रा राना, हरि बहादुर चुमान र माननीय कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापा समेतको उपस्थिति रहेको थियो। साथै बैठकमा प्रदेशका माननीय सभामुख श्री नेत्रनाथ अधिकारी, माननीय उपसभामुख श्री सृजना शर्मा, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष श्री रघुराज काफ्ले, अर्थ मन्त्रालयका सचिव श्री बैकुण्ठ प्रसाद अर्याल, कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्रालयका सचिब श्री धर्म राज कुइकेल, प्रदेश लेखा नियन्त्रक श्री केसव राज ढकाल लगायतको उपस्थिति रहेको थियो । यस प्रकार विभिन्न मितिमा विधायन समितिको बैठक बसी ब्यापक छलफल गरी सबैको राय र परामर्श समेतलाई समावेश गरी प्रस्तुत विधेयका सम्बन्धमा सर्वसम्मतिबाट निर्णय भए बमोजिम प्रस्तुत प्रतिवेदन गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु, अब म मिति २०७८ साल चैत्र ७ गतेको सभामा प्रस्तुत भै मिति २०७८ साल चैत्र ८ गते बसेको सभाको बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको गण्डकी प्रदेश तथा स्थानीय तह बीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयकको प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय बिष्णु प्रसाद लामिछानेलाई अनुमति दिन्छु ।

## माननीय बिष्णु प्रसाद लामिछाने

माननीय सभामुख महोदय, मिति २०७८ साल चैत्र ८ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत गण्डकी प्रदेश तथा स्थानीय तह बीच समन्वय कायम गर्न तथा विवाद

समाधान गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न मिति २०७८ साल चैत्र ११, १३, १४ र १५ गते समितिको बसेको थियो । समितिको बैठक सभापति माननीय बिष्णु प्रसाद लामिछानेको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीयज्यूहरु, आशा कोइराला, माननीय धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, प्रभा कोइराला, मन बहादुर गुरुङ, राजिब पहारी, ललितकला गुरुङ, सरिता गुरुङ, साबित्रा राना, हरि बहादुर चुमान र माननीय कानून संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापा समेतको उपस्थिति रहेको थियो । साथै बैठकमा प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारी, माननीय उपसभामुख सृजना शर्मा कानून संचार तथा प्रदेश सभा मामिला मन्त्रालयका सचिव श्री धर्मराज कइकेल, सोही मन्त्रालयका उपसचिव श्री हिमाल चन्द्र अर्याल लगायतको उपस्थित रहेको थियो । यस विधेयक उपर दफावार छलफल गर्ने सिलसिलामा प्रदेश सभाका माननीय सभामुख, विधायन समितिका माननीय सदस्यहरुको उपस्थितिमा कास्की जिल्ला अन्नपूर्ण गाउँपालिकाको घान्द्रुकमा विधेयक सम्बन्धमा विज्ञहरुसँग छलफल गरी राय सुझाव संकलन गरिएको थियो । यस प्रकार विभिन्न मितिमा विधायन समितिको बैठक बसी ब्यापक छलफल गरी सबैको राय र परामर्श समेतलाई समावेश गरी प्रस्तुत विधेयकका सम्बन्धमा सर्वसम्मतिबाट निर्णय भए बमोजिम प्रस्तुत प्रतिवेदन गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम यस सम्मानित सभा समक्ष पेश गर्दछु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब म मिति २०७८ साल चैत्र ७ गतेको सभाको बैठकमा प्रस्तुत भै मिति २०७८ साल चैत्र ८ गते बसेको सभाको बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको गण्डकी प्रदेशको सिँचाई सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका साभापति माननीय बिष्णु प्रसाद लामिछनेलाई अनुमति दिन्छु ।

## माननीय विष्णु प्रसाद लामिछाने

माननीय सभामुख महोदय, मिति २०७८ साल चैत्र ८ गते बसेको यस सभाको को निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत गण्डकी प्रदेशको सिचाई सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न मिति २०७८ साल चैत्र ११, १३,१४ र १५ समितिको बैठक बसेको थियो । समितिको बैठक सभापति माननीय बिष्णु प्रसाद लामिछानेको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु, आशा कोइराला, माननीय धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, प्रभा कोइराला, मन बहादुर गुरुङ, राजिब पहारी, ललितकला गुरुङ, सरिता गुरुङ, साबित्रा राना, हरि बहादुर चुमान र माननीय कानून संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा समेतको उपस्थित रहेको थियो । साथै बैठकमा प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारी, माननीय उपसभामुख सृजना शर्मा, कानून संचार तथा प्रदेश सभा मामिला मन्त्रालयका सचिव श्री धर्मराज कुइंकेल, उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयका सचिव श्री रामकुमार श्रेष्ठ लगायतको उपस्थित रहेको थियो। यस विधेयक उपर छलफल सिलसिलामा प्रदेश सभाका माननीय सभामुख, विधायन समितिका माननीय सदस्यहरुको उपस्थिमा कास्की जिल्ला अन्नपूर्ण गाउँपालिकाको घान्द्रुकमा विधेयक सम्बन्धमा विज्ञहरुसँग छलफल गरी राय सुझाव संकलन गरिएको थियो । यस प्रकार विभिन्न मितिमा विधायन समितिको बैठक बसी ब्यापक छलफल गरी सबैको राय र परामर्श समेतलाई समावेश गरी प्रस्तुत विधेयकका सम्बन्धमा सर्वसम्मतिबाट निर्णय भए बमोजिम प्रस्तुत प्रतिवेदन गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम यस सम्मानित सभा समक्ष पेश गर्दछु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ

अधिकारी माननीय सदस्यहरु, अब यो बैठक मिति २०७८ साल चैत्र २३ गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।